
बाल सन्दर्भ सामग्री – ६

# अनौठो फल



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# अनौठो फल



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

सामग्री सङ्कलन
इन्दिरा चालिसे, रत्नमान शाक्य, जयप्रसाद लम्साल
योगराज भट्टराई, लक्ष्मीभक्त बासुकला

चित्राङ्कन कर्ता
रवि सायमी

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ — पाठ्यक्रम विकास केन्द्र

# कथाक्रम



| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | अनौठो फल | ५ |
| २. | बाँदरको पुच्छर | १३ |
| ३. | धर्मात्मा र पापी | १७ |
| ४. | गफाडी कछुवा | २३ |

# अनौठो फल



एकादेशमा एउटा राजा थिए। ती राजाका सन्तान थिएनन्। त्यसैले राजा र रानी दुवै सारै चिन्तित थिए।

एक दिन राजाको दरबारमा एउटा योगी आएर अलक जगाए। रानी हातमा भिक्षा लिई योगीको छेउमा पुगिन्। उनले भनिन्, "योगी महाराज ! भिक्षा लिनुहोस्।"



योगीले रानीको मुखमा पुलुक्क हेरेर भने, “महारानी ! हजुरका सन्तान छन् कि छैनन् ?” यो सुनेर रानीको आँखा आँसुले भरिए । उनले मसिनो स्वरमा भनिन्, “योगी महाराज ! म अभागिनीको भाग्यमा आमा हुने सौभाग्य नै रहेनछ !” योगीले भने, “म निःसन्तान महिलाका हातमा भिक्षा लिन्नँ ।” यति भनी योगी फटाफट आफ्नो बाटो लागे । केही पर पुगेपछि योगीका मनमा रानीप्रति दया जाग्यो । उनले विचार गरे, “ती रानीको उद्धार गर्नुपर्‍यो ।”

यस्तो विचार गरेर योगी पुनः दरबारमा फर्के । उनले रानीलाई भने, “महारानी ! तपाईंको अवस्था देखेर मलाई पनि दुःख लाग्यो । तर



चिन्ता गर्नुपर्दैन । म एउटा ओखती दिन्छु, त्यस ओखतीको बोक्रा ताछेर खानुहोला ।"

योगीले आफ्नो झोलाबाट दुई ओटा फल झिकेर रानीलाई दिए । अनि योगीले भने, " यो फल भरे बेलुका सुत्ने बेलामा ताछेर खानुहोला ।" यति भनी योगी फटाफट हिंडे ।

योगीको हातबाट फल लिएपछि रानी एकदमै खुसी भइन् । उनलाई कहिले साँझ पर्ला भनी हतार लाग्यो । बेलुका खानपिन गरिसकेपछि रानी आफ्नो खोपीमा गइन् र हत्तपत्त एउटा फल झिकेर खाइन् ।



अनि झल्याँस्य भइन्, "ओहो ! मैले त फल ताछेर खानै बिर्सेछु ।" उनले अर्को फल पनि हातमा लिइन् । त्यस फललाई राम्ररी ताछिन् । उनले त्यो फल पनि खाइन् ।

फल खाएपछि रानी गर्भवती भइन् । गर्भवती भएको ६ महिना पुगेपछि रानीलाई एकदमै पेट दुख्न थाल्यो । दरबारका धाई सुसारे सबै जम्मा भई महारानीलाई के भयो भनी सबै रुन थाले । यत्तिकै बेला रानीले एउटा सर्प जन्माइन् । त्यो देखेर सब डराए । सर्पले टोक्ला भन्ने डरले उनीहरूले त्यस सर्पलाई टिपेर पूर्वतिरको झ्यालबाट बाहिर फाले ।



समय बित्दै गयो । सर्प जन्मेको कुरा सबैले बिर्से । रानीको गर्भ रहेको नौ महिना भएपछि रानीलाई फेरि पेट दुख्यो । दरबारका मानिस फेरि जम्मा भए । रानी छटपटाएको देखेर सबै रुन थाले । वास्तवमा रानीलाई सुत्केरी हुने व्यथा लागेर पेट दुखेको रहेछ । उनले एउटा ज्यादै राम्रा राजकुमार जन्माइन् । दरबारका सबै मानिस सारै खुसी भए । राजकुमार दिनदिनै बढ्दै ठुला हुँदै गए । उनले लेखपढ गर्न, सिकार खेल्न तथा घोडा चढ्न राम्ररी जाने ।

एक दिन उनलाई जङ्गलमा सिकार खेल्न जान मन लाग्यो। उनले आफ्नो बन्दुक भिरे अनि पूर्वतर्फको ढोकाबाट बाहिर निस्कन लागे। अचानक त्यहाँ एउटा अजङ्गको सर्पले उनको बाटो रोक्यो। उनी त्यो बाटो नगई पश्चिमतर्फको ढोकाबाट बाहिर निस्कन खोजे। त्यहाँ पनि उही सर्पले उनको बाटो रोक्यो।

राजकुमारले विचार गरे, "आज ठिक साइत परेन। भोलि सिकार खेल्न जानुपर्ला।" यति विचार गरी राजकुमार आफ्नो कोठामा फर्के।



उनले आफ्नो बन्दुक थन्क्याए। बेलुकाको खानपिन गरेर राजकुमार सुते। मध्यरातमा उनले सपना देखे। सपनामा दिउँसो देखेको सर्प एउटा मान्छेको रूपमा राजकुमारका अगाडि उभिएको थियो। मान्छेको रूप लिएको सर्पले भन्यो, "राजकुमार, दिउँसो तिमीले देखेको सर्प मै हुँ। म तिम्रो दाजु हुँ।"



राजकुमारले सोधे, "कसरी तिमी मेरा दाजु हौ ?" सर्पले भन्यो, "एक दिन एउटा योगी आएर हाम्री मुमा महारानीलाई दुई ओटा फल दिएको थियो। मुमाले ती फल ताछेर खानुपर्ने थियो तर उहाँले हतारमा एउटा फल नताछीकन खानुभयो, जसको कारणले ६ महिनामै उहाँ सुत्केरी हुनुभयो। त्यति बेला म जन्में। मानिसहरू डराएर उनीहरूले मलाई झ्यालबाट फाले।"

राजकुमारले फेरि सोधे, “त्यसपछि के भयो, सबै बताऊ।” सर्पले बतायो, “नौ महिना बितेपछि तिमी जन्म्यौ। दोस्रो फल खाँदा मुमाले राम्ररी ताछेर खानुभएको हुनाले तिमी राम्रा जन्मिएका थियौ।”

राजकुमारले सोधे, “अब मैले के गर्दा राम्रो हुन्छ त ?” सर्पले भन्यो, “पूर्वपट्टि बगैँचामा मेरो काँचुली छ, त्यो काँचुली तिमीले राम्ररी जलाइदियौ भने म मान्छेको रूप लिने छु।”

यति भनी मान्छेको रूप लिएको सर्प त्यहीँ बिलायो। राजकुमारको सपना पनि टुट्यो। भोलिपल्ट बिहान राजकुमारले आफूले देखेको सपना रानी तथा दरबारका सबैलाई सुनाए। यो सुनेर दरबारका सबै मान्छेहरूले सर्प जन्मेको कुरा सत्य हो भनी राजकुमारलाई बताए।

केही समयपछि राजकुमार बगैँचामा गए। उनले सर्पको काँचुली पनि देखे।

त्यसपछि उनले त्यो काँचुली दरबारमा ल्याएर जलाए। नभन्दै त्यस आगोबाट एउटा सुन्दर राजकुमार निस्के। दुवै दाजुभाइले अङ्कमाल गरे।

त्यस दिन रानीलाई ज्यादै खुसी लाग्यो। उनले योगीलाई मनमनै धन्यवाद दिइन्।

# बाँदरको पुच्छर




एउटा गाउँको झुपडीमा एउटा परिवार बस्थ्यो । त्यस परिवारमा सन्ते र चतुरे नाम गरेका दुई छोराहरू पनि थिए । ती दुवै छोराहरू चतुर थिए । उनीहरू छिमेकीका घरको खानेकुरा चोरेर खानमा सिपालु थिए ।

सन्ते र चतुरेको झुपडी नजिकै अर्को एउटा सानो झुपडी थियो, जहाँ एउटा बाँदर बस्थ्यो । त्यस बाँदरलाई दही चिउरा अति मन पर्थ्यो । एक दिनको कुरा हो, त्यस बाँदरले दही चिउरा र अलिकति चिनी कहीँबाट ल्याएछ । त्यसपछि दही चिउरा र चिनी मुछेर खान तयार गरेछ । त्यो दृश्य सन्ते र चतुरेले एउटा कुनाबाट हेरिरहेका थिए । मौका पाउनासाथ चोरेर खाने



भनी सोचेर बसेका थिए। बाँदरले एकदम मिठो हुने गरी दही, चिउरा र चिनी मुछेको थियो। खान बसेको बेला बाँदरलाई अचानक निद्रा लाग्यो। बाँदर एकछिन निदाउँछु भनेर सुत्यो। त्यसपछि त सन्ते र चतुरेले बाँदरको दही चिउरा चोरेर खाने मौका पाइहाले। दुवैले दही चिउरा मिठोसँग खाइसकेपछि हातमा लागेको दही चिउरा भित्ताको ठाउँ ठाउँमा पुछे। अन्त्यमा बाँदरको पुच्छरमा समेत पुछिदिए।

बाँदर निद्राबाट बिउँझियो। त्यो दही चिउरा खान बस्यो, तर दही चिउराको नाउँमा त खाली भाँडो मात्र पायो। बाँदरलाई ज्यादै रिस उठ्यो। निद्राबाट बिउँझँदा भोक पनि लागेकाले त्यो एकदमै रिसाएर कराउन थाल्यो, "मेरो दही चिउरा कसले चोरेर खायो ?" कोही बोलेन। यत्तिकैमा उसका आँखा भित्तामा परे, जहाँ दही चिउरा मुछिराखेको थियो। अनि बाँदरले रिसले



यो भित्ताले पो चोरेर खाएको रहेछ भनी भित्तालाई चुप्पीले छ्यापछ्याप पाऱ्यो । बाँदरको रिस अझै पनि शान्त भएन । फेरि अर्को भित्तामा दही चिउरा देख्यो । त्यसलाई पनि चुप्पीले छ्यापछ्याप पाऱ्यो ।

अझै बाँदरको रिस मरेन । दही चिउरा खान नपाएको रिस ! बाँदरले आफ्नो पुच्छरमा पनि दही चिउरा लागेको देख्यो । अनि यस पुच्छरले पनि चोरेर खाएको रहेछ भनेर आफ्नो पुच्छरलाई समेत दण्ड दिन ऊ तम्सियो ।




बाँदरले एउटा पाँच पाथीजति तेल अटाउने खालको फोसी (ठुलो भाँडो) ल्याएर तेल हाल्यो । दनदन आगो बालेर तेल तातायो । उम्लने गरी तेल तातेपछि अब यस पुच्छरलाई सजाय दिन्छु भनी रिसले मुरमुरिएर बिस्तारै पुच्छरलाई तेलमा चोप्यो । अलिकति के चोप्न मात्र पुगेको थियो, पुच्छर त आफ्नै शरीरको न हो, उसलाई पोल्यो ! बाँदर ऐप्या ! आत्था ! भनी उफ्रन थाल्यो तैपनि उसको रिस मरेन ।

# धर्मात्मा र पापी




एकादेशमा दुई जना दाजुभाइ रहेछन् । तिनीहरूमा दाजु चाहिँ ज्यादै धर्मात्मा र दयालु थियो तर भाइ चाहिँ भने बडो पापी, रिसाहा र दुष्ट स्वभावको थियो । त्यसैले ती दुवै जना आपसमा झगडा गरिरहन्थे ।

एक दिनको कुरा हो, भाइ चाहिँले सारै रिसाएर दाजु चाहिँलाई एक अनकन्टार जङ्गलमा लग्यो । अनि उसले आफ्नो दाजुका दुई ओटै आँखा झिकेर जमिनमा राखिदियो र दाजुलाई नजिकैको एउटा रुखको फेदमा छाडेर आफू भने घर फर्केर आयो । दाजु चाहिँ बसेको रुखमा देवचरी नामक चराको गुँड थियो । त्यस गुँडमा चार पाँच ओटा चराका बचेरा पनि थिए ।




तिनीहरूका बाबुआमा अन्यत्रै भोजमा गएर त्यस रात घर फर्केका थिएनन् । राती भएपछि एउटा सर्प आयो र त्यसले ती चराको बचेराहरूलाई खान खोज्यो । यो थाहा पाएर चराका बचेराहरू चिच्याउन थाले ।

त्यस बेला त्यसै रुखको फेदमा दृष्टिविहीन पारेर राखिएको मान्छे (दाजु चाहिँ) ले चराका बचेराहरूको चिच्याहट सुन्यो र हातले छाम्दै रुखमा मुडुकीले ठ्याकठ्याक हिर्काउँदै हा...हा... भनेर करायो । त्यो सुनेर सर्प, “आम्मै ! यहाँ त मान्छे पनि पो रहेछ !” भन्दै डरले भाग्यो । बिहानीपख भयो, बचेराहरूका आमाबाबुले खानेकुरा (चारो) लिएर आए र बचेराहरूलाई



खुवाउन खोजे । तर बचेराहरूले खान मानेनन् । अनेक तरहले खुवाउन खोज्दा पनि बचेराहरूले खान नमानेको देखेर आमाबाबुले भने, "तिमीहरूले जे भने पनि मान्छौँ, चारा चाहिँ खाइदेऊ बाबा !" बचेराहरूले आफूले चाहेको कुरा पुरा हुने सम्झेर खुसी हुँदै भने, "हाम्रो माग पक्का पुरा हुने भए मात्रै खान्छौँ नत्र चारो नै खाँदैनौँ ।" "हुन्छ बाबा हुन्छ । बरु चाँडो भन ।" बाबुआमाले बाचा गरे ।

यो सुनेर बचेराहरूले भने, "आज राती हामीहरू मर्ने थियौँ तर तल रुखको फेदमा बसिरहेको दृष्टिविहीनले हामीलाई बचायो । त्यस कारण त्यस दृष्टिविहीनले आँखा देख्न पाउने उपाय गरिदिनुहोस् र हामीलाई पनि यहाँ सर्पले देखेको हुँदा आजै अर्को ठाउँमा सारिदिनुहोस् ।"

बचेराहरूका आमाबाबुले भने, "हामी देवचरीहरूको तल खसेको बिष्टा हातमा थापेर तुरुन्तै दुवै आँखामा राखोस् अनि पहिले झिकेको उसका आँखा खोजेर आँखा हुनुपर्ने ठाउँमा राखिहालोस् । यति गरेपछि उसले आँखा देख्ने छ ।"



त्यही रुखको फेदमा रातभरि केही खान नपाई, सुत्न पनि नपाएको दृष्टिविहीन मान्छेले त्यो सबै कुरा सुन्यो र हात थापेर बसिरह्यो। संयोगवश उसको हातमा त्यस देवचरीको बिष्टा पर्न गयो । हत्तपत्त आँखा हुनुपर्ने ठाउँमा उसले त्यो बिष्टा राख्यो । उसले भुइँतिर छामछुम गर्दा उसका आँखा पनि भेट्टायो । उसले तुरुन्तै आँखा हुनुपर्ने ठाउँमा राखेको मात्रै के थियो, प्रस्टै देखिहाल्यो । अनि ज्यादै खुसी र आभारी भएर घरतिर जाने तरखरमा लाग्यो । उत्तिनैखेर ती देवचरीका बचेराहरूले भने, "तपाईँ बसेको ठाउँको जमिनभित्र रुपैयाँ पैसा, गर गहना आदि भएको एउटा गाग्री छ । त्यस गाग्रीको मुखमाथि दही चामलको बटुको छ । त्यस बटुकामाथि भ्यागुतो छ । त्यो भ्यागुतो झिकेर कागलाई दिनुहोस् र ती रुपियाँ पैसा, गर गहना सबै तपाईँ नै लिनुहोस् ।"

यो सुनेर त्यस मान्छेले पनि भने जस्तै गर्‍यो । गाग्री त सुनकै पो रहेछ ! यसरी सुनको गाग्रीभरि रुपियाँ पैसा र गर गहना लिएर ऊ घर फर्क्यो ।




चराले पनि उत्तिनैखेर आफ्नो गुँड अन्तै सा¥यो ।

आफूले आँखा झिकिदिएर जङ्गलमै छाडिदिएर आएको त सुनको गाग्रीभरि रुपैयाँ पैसा र गर गहना लिएर घरमा आएको दाजुलाई देख्दा भाइ चाहिँलाई आश्चर्य लाग्यो र मलीन हुँदै दाजुलाई सोध्यो, “कसरी त्यसो भएको हो ?” दाजु चाहिँले पनि सबै बेलिबिस्तार लगायो ।

पापी र लोभी भाइ मन किन थाम्न सक्थ्यो र ! तुरुन्तै दाजुसँग बिन्तीभाउ गर्न थाल्यो, “दाजु मेरा पनि आँखा झिकेर त्यही रुखको फेदमा मलाई बस्ने मौका दिनुहोस् । कुन चाहिँ रुख हो, मैले भुलेँ । बरु म आफैँ आँखा झिकेर भुइँमा राख्ने छु । एक दुई गाग्री रुपैयाँ पैसा, गर गहना र धन सम्पत्ति म पनि ल्याउनुप¥यो ।”


भाइको आग्रहलाई नकार्न नसकेर दाजु चाहिँले त्यस लोभी भाइलाई त्यही रुखको मुनि आँखा झिकेर भुइँमा राखी बस्न लगाएर घर फर्कियो । देवचरीले आफ्नो गुँड नै अन्यत्र सारिसकेको हुँदा कागले आएर भुइँमा राखेका भाइ चाहिँका आँखा खाइदियो । पापी भाइ लोभले गर्दा त्यहीँ बसिरह्यो । उसले केही पाएन, भोकले त्यसै मर्‍यो ।

# गफाडी कछुवा



एकादेशमा एउटा कछुवा थियो । त्यो ज्यादै गफाडी थियो । त्यो गफ गर्न पायो भने सबै कुरा बिर्सिन्थ्यो । कछुवा जससँग भेटे पनि गफ गर्न थालिहाल्थ्यो ।

जाडोको महिना थियो । गफाडी कछुवा मजासित घाम ताप्दै थियो । त्यसले दुई ओटा बकुल्लाहरू उड्दै आइरहेको देख्यो । कछुवा हात हल्लाउँदै करायो, “ए, बकुल्ला हो ! के छ त हाल खबर ? कता जान लागेका हो ?”



बकुल्लाहरूले जवाफ दिए, "अब जाडो सुरु हुन लाग्यो, त्यसैले हामी त जाडो छल्न तराईतिर जान लागेका छौँ । यदि मन लाग्छ भने तिमी पनि हामीसँगै घुम्न हिंड ।"

कछुवा एक छिन घोरियो, "घुम्न जान त मन लाग्छ, तर कसरी जाने ? यी बकुल्लाहरूसित पखेटा छन् र पो उडेर जान्छन् । म कसरी उडूँ ।"

त्यसले आफ्नो पिर बकुल्लाहरूसित पोख्यो, "तिमीहरूको जस्तो भाग्य आफ्नो कहाँ छ र ! तिमीहरूसित पखेटा छन्, मजाले उड्न सक्छौ । आफ्नो त पखेटा पनि छैनन्, उड्न पनि सक्दिनँ ।"

पहिलो बकुल्लाले कछुवालाई सम्झाउँदै भन्यो, “यति सानो कुरामा पनि किन पिर लिन्छौ, हामी छँदै छौँ नि । बरु तिमीले एउटा काम गर्नुपर्छ । गर्न सक्छौ ?” “के काम होला त्यस्तो ? फेरि मैले गर्न सक्ने काम पो हो कि होइन ?” कछुवाले सतर्क हुँदै सोध्यो ।

बकुल्लाले उपाय सिकाउँदै भन्यो, “सुन, सबभन्दा पहिला तिमी कतैबाट एउटा लौरो खोजेर ल्याऊ अनि हामी तिमीलाई हामीसँगै तराईतिर लिएर जान्छौँ ।”

कछुवा लौरो खोज्न हिँड्यो । बाटामा लौरो टेक्दै आइरहेको एक जना बुढा मानिससँग त्यसको जम्काभेट भयो । त्यसले बुढा मानिसलाई अभिवादन गऱ्यो, “नमस्कार, बाजे !”




"नमस्कार, कछुवा भाइ ! अनि कता हिँडेका नि ?" बुढा मानिसले कछुवालाई आफ्नो हातमा लिँदै सुमसुम्याए । कछुवाले भन्यो, "मलाई एउटा लौरो चाहिएको थियो । तपाईंको लौरो मलाई दिनुहोस् न । म ठुलो गुन मान्ने थिएँ ।" बुढो मानिसले अचम्म मान्दै सोधे, "तिमी सानो कछुवालाई यो ठुलो लौरो के काम ?"

कछुवाले हात जोड्दै भन्यो, "बाजे, त्यसो नभन्नुहोस् । म मेरा साथी बकुल्लाहरूसित तराईतिर घुम्न जान लागेको हुँ । त्यसैले तपाईँको लौरो पाएका खन्डमा उनीहरूले मलाई त्यसमा राखेर तराईतिर घुमाउन लैजाने थिए ।" बुढो मानिस दयालु थियो । उनले आफ्नो लौरो कछुवालाई दिए । कछुवा खुसी भएर लौरो लिँदै बकुल्लाहरूकहाँ पुग्यो, " ल, साथी हो ! मैले लौरो ल्याएँ । अब मैले के गर्नुपर्ने हो, भन ।"

"अब तिमी हामीसँगै जान सक्छौ तर तिमीले हामीले भनेको कुरा मान्नुपर्छ नि ।" बकुल्लाले सम्झायो ।

कछुवाले किरिया खाँदै भन्यो, "तिमीहरू जे जे भन्छौ, म त्यो मान्न तयार छु ।"





पहिलो बकुल्लाले भन्यो, “हेर, यस लौराको बिचमा तिमी मुखले च्यापेर झुन्डिनु अनि हामी दुई लौराको एक एक छेउ चुच्चाले च्यापेर तिमीलाई उडाउने छौँ ।”

अर्को बकुल्लाले चेतावनी दियो, “तर खबरदार ! तिमी असाध्यै गफाडी र चकचके छौ, तिमीले बढ्ता भएर मुख खोल्यौ भने तिमी जमिनमा बजारिने छौ ।” “हेर बकुल्ला हो, आफू मरिने कुरामा पनि कोही मुख खोल्छ, ल छिटै बरू उडेर जाऔँ ।” कछुवालाई उड्न आतुरी भइसकेको थियो ।

केही छिनपछि उनीहरू उड्न थाले । आकाश माथिबाट तल पहाड जङ्गल, खोला, पोखरी, मानिस आदि सबै सानो देखिन्थ्यो । यो देखेर कछुवालाई सारै रमाइलो लागिरहेको थियो । त्यसले उड्नुअघि बकुल्लाहरूसित गरेको वाचा बिर्सिसकेको थियो ।

उनीहरू एउटा पोखरीमाथि उड्दै थिए । यत्तिकैमा तल पोखरीमा पौडिँदै गरेको आफ्नो साथी कछुवालाई बोलाउन भनेर त्यस गफाडी कछुवाले मुख



खोलेको मात्रै के थियो, त्यो सिधै तल खस्यो । पानीमा खसेकाले कछुवाको ज्यान त गएन तर उसको सातो भने उड्यो ।